# नीलकण्ठ राजपत्र


## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

वर्षः ९) धादिङवेसी, धादिङ, नेपाल (संख्याः ४ मितिः २०८२।०३।२४


## भाग - २

## नीलकण्ठ नगरपालिकाको

## बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत भएको मितिः२०८२।०३।०४

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालवालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले नीलकण्ठ नगरपालिकाको बालवालिका सम्बन्धी ऐन, २०८० को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद —१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “नीलकण्ठ नगरपालिकाको बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**(क)** “प्रमुख” भन्नाले नीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

**(ख)** “ऐन” भन्नाले नीलकण्ठ नगरपालिका बालबालिका सम्बन्धी ऐन, २०८० सम्झनु पर्छ।

**(ग)** “बाल क्लब“ भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्ष पूरा नगरेका बालबालिकाले यस कार्यविधिको दफा ५ मा व्यवस्था भए अनुसार दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ ।

**(घ)** “बाल बालिका“ भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

**(ङ)** “बाल सञ्जाल“ भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा नीलकण्ठ नगरपालिकाको वडा तथा नगरपालिकामा भएको सञ्जाल सम्झनु पर्छ ।

**(च)** “वडा” भन्नाले नीलकण्ठ नगरपालिकाको वडा सम्झनुपर्छ ।

## परिच्छेद —२

## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) नीलकण्ठ नगरपालिकामा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका बाल सहभागिता सम्बन्धी व्यवस्था कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ती गर्नु,

(ख)बालबालिकासँग सम्बन्धित योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु ।

(ग) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्नु ।

## परिच्छेद-३

## बाल सहभागिता

४. **बाल सहभागिताको अभ्यासः** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायवाट सम्पादन गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ । आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै अवस्थाका बालबालिका (बालक बालिका) सबै किसिमका अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि को सहभागिता सुनिश्चित गरिनेछ ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि नीलकण्ठ नगरपालिकाबाट देहायका उपायहरू समेत अवलम्वन गरिनेछः

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ ।

(ख) नीलकण्ठ नगरपालिकाभित्र विद्यालयहरूबीच तथा वडा सञ्जालहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकूद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, हिज्जे, चित्रकला, सांस्कृतिक कार्यक्रम आदि), विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुने गरी प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(३) बाल सहभागिता प्रवर्द्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट हुन सक्ने देहायका कार्यहरू गर्नमा रोक लगाइनेछः—

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा वाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरीत न्याली जुलुस, सभा आदिमा सहभागी गराउन,

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा वाल क्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन,

## परिच्छेद-४

## बाल क्लब

५. **बाल क्लव वा बाल संस्था खोल्नेः** (१) बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालबालिकाले बाल क्लव खोल्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम बाल क्लव खोल्दा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी खोल्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र र बालिकाले बालिका मात्र सदस्य रहने गरी विशिष्टीकृत बाल क्लव खोल्न सक्नेछन्।

(४) यस दफा बमोजिम खोलिएको बाल क्लव सम्बन्धित वडा कार्यालयमा दर्ता गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम बाल क्लव दर्ता गर्नको लागि देहायका कागजातहरु संलग्न गरी वडा कार्यालयमा अनुसुची-१ निवेदन दिनुपर्नेछः-

(क) प्रस्तावित बाल क्लबको अनुसुची-२ को ढाँचाको विधान,

(ख) प्रस्तावित बाल क्लब खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदनउपर सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो बाल क्लब दर्ता गरी अनुसुचि-३ को ढाँचामा प्रमाणपत्र दिई अनुसुचि-४ को ढाँचामा अभिलेख राख्नु पर्नेछ।

६. **बाल क्लवको नवीकरणः** (१) दफा ५ बमोजिम दर्ता भएका बाल क्लबले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित वडा कार्यालयमा देहायका विवरण खुलाई नवीकरणको लागि अनुसुचि-५ को ढाँचामा निवेदन दिनु पर्नेछः-

**(क)** आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

**(ख)** कार्य समिति सदस्य हेरफेर भएको भए सो सम्बन्धी विवरण।

(२) वडाले उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी बाल क्लवको नवीकरण गरिदिनु पर्नेछ।

७. **बाल क्लवको काम र कर्तव्यः** बाल क्लबको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

**(क)** बाल क्लबको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

**(ख)** बालबालिकाको हक, हित र अधिकारको प्रवर्द्धन सिर्जनात्मक गतिविधि खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ग) विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,

(घ) नगरपालिका वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बाल क्लबमार्फत सामूहिक धारणा राख्ने,

(ङ) बाल क्लब वा संस्थाको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

(छ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता स्वाधीनता वा विभिन्न जातजाति, धर्म सम्प्रदायबीचको सु-सम्बन्धमा खलल गर्ने जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्ट्राचार वा नैतिकताको प्रतिकुल हुने गरी कुनै कार्य नगर्ने,

(ज) कुनै राजनीतिक दलसंग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा समर्थन र विरोध गर्न नहुने,

(झ) नगरपालिकाबाट जारी भएका सम्बन्धित कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने।

८. **बाल क्लवको दर्ता खारेज गर्नेः** देहायको अवस्थामा सम्बन्धित वडा कार्यालयले बाल क्लबको दर्ता खारेज गर्नेछः-

(क) दर्ता गरेको तीन आर्थिक वर्षसम्म नवीकरण नगराएमा,

(ख) बाल क्लबका बहुमत सदस्यले दर्ता खारेज गर्न निवेदन दिएमा,

(ग) बाल क्लवको नामको प्रयोग गरी प्रचलित कानून विपरीतका क्रियाकलापमा बाल क्लब संलग्न भएको पाइएमा ।

४. **शुल्क तथा दस्तुर नलाग्नेः** यस परिच्छेद बमोजिम बाल क्लब दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क तथा दस्तुर लाग्ने छैन।

## परिच्छेद-५

## बाल सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था

५. **बाल सञ्जालको गठनः** (१) बालबालिकाहरुको साझा समस्या तथा सवालहरु संगठित रुपमा उठाउन, बाल क्लवहरुबीच आपसी समन्वय सहकार्य बढाउन र फरक-फरक सिकाईलाई

आदानप्रदान गर्न तथा बालबालिकाहरुको सर्वोत्तम हित र सर्वाङ्गिण विकासका लागि थप अवसरको सृजना तथा खोज गर्नका लागि बाल क्लबहरुको बाल सञ्जाल गठन गरिनेछ।

(२) बाल सञ्जाल वडा स्तर र नगरपालिका स्तरमा गठन गरिनेछ।

९. **वडा बाल सञ्जालको गठन तथा सञ्चालनः (१)** वडामा दर्ता भएका समुदायमा आधारित बाल क्लब र विद्यालयको बाल क्लबबाट ३।३ जनाले प्रतिनिधित्व गर्ने ११ बर्ष पुरा भई १८ वर्ष ननाघेका बालबालिकाहरुको भेलाले देहाय बमोजिमको वडास्तरीय बाल सञ्जाल गठन गर्नेछः-

**(क)** अध्यक्षः १ जना

**(ख)**उपाध्यक्षः १ जना

**(ग)**सचिवः १ जना

**(घ)**सहसचिवः १ जना

**(ङ)**कोषाध्यक्षः १ जना

**(च)**सदस्यः ४ देखि १० जनासम्म

(२) उपदफा (१) बमोजिमको सञ्जाल गठन गर्दा बाल क्लबबाट पठाइने ३ जना प्रतिनिधि मध्ये कम्तिमा १ जना बालिका हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वडा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्येका पदमा कम्तिमा २ जना बालिका हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको सञ्जालको संरक्षकको रुपमा सम्बन्धित वडाको वडा अध्यक्ष रहनेछन् र बाल सञ्जालले आवश्यकतानुसार सल्लाहकार राख्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको सञ्जालका पदाधिकारी तथा सदस्यको पदावधि ३ वर्षको हुनेछ।

१०.**वडा बाल सञ्जालको काम र कर्तव्यः** वडा बाल सञ्जालको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

**(क)**सम्बन्धित वडामा सञ्चालन भएका बाल क्लबहरुको काममा समन्वय र सहयोग गर्ने,

**(ख)**बाल अधिकार संरक्षण, सम्वर्द्धनमा सहयोग सहजिकरण गर्ने,

(ग) बालबालिकासंग सम्बन्धित योजना कार्यक्रम तथा बालमैत्री योजना तथा कार्यक्रमहरुको छनौट तथा सञ्चालनमा वडा कार्यालय तथा विद्यालयहरुलाई सहयोग गर्नु,

(घ) बालबालिकासंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न विद्यालय तथा वडा कार्यालयलाई सहयोग पुऱ्याउनु,

(ङ) नगरस्तरीय बाल सञ्जालमा प्रतिनिधि तोकि पठाउने ।

(च) बालबालिकाको क्षेत्रमा सम्बन्धित वडामा कार्यगर्ने संघसस्था तथा निकायसंग आवश्यक समन्वय तथा सहयोग गर्ने

(छ) बाल सहभागिताका अन्य विभिन्न क्रियाकलापहरु गर्ने।

**११. नगर बाल सञ्जालको गठन तथा सञ्चालनः (१) दफा ९ (१) बमोजिम** वडामा गठन भएका वडा बाल सञ्जाल हरेकबाट ४।४ जना प्रतिनिधित्व गर्ने बालबालिकाहरुको भेलाले देहाय बमोजिमको नगर स्तरीय बाल सञ्जाल गठन गर्नेछः-

(क) अध्यक्षः १ जना

(ख) उपाध्यक्षः १ जना

(ग) सचिवः १ जना

(घ) सहसचिवः १ जना

(ङ) कोषाध्यक्षः १ जना

(च) सदस्यः १० देखि १६ जना

(२) उपदफा (१) बमोजिमको नगर बाल सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्येका पदमा कम्तिमा २ जना बालिका हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सञ्जालको संरक्षकको रुपमा नगर प्रमुख रहनेछन् र बाल सञ्जालले आवश्यकतानुसार सल्लाहकार राख्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सञ्जालका पदाधिकारी तथा सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिमका पदाधिकारी तथा सदस्यहरु पदाधिकार भएकै समयमा १८ वर्ष उमेर पुरा भएको खण्डमा स्वतः पद रिक्त हुनेछ। साथै वालवालिका नगरपालिका बाहिरको विद्यालयमा भर्ना भएमा वा नगरपालिका वाहिर रहने भएमा रिक्त हुनेछ। रिक्त हुने

उक्त पदमा बाँकी कार्यकालको लागि उपदफा (१) बमोजिमकै समितिले आफुमध्येबाट छानेको वालवालिकाबाट पदपूर्ति गर्नसक्नेछ।

(६) उपदफा (१) बमोजिमका पदाधिकारी लगातार तीनवटा वैठकमा अनुपस्थित भएको खण्डमा स्वतः पद रिक्त भएको मानिनेछ। यसरी रिक्त हुने पदमा उपदफा १ बमोजिमको समितिले सम्बन्धित वडाबाट प्रतिनिधित्व हुने गरी बाँकी कार्यकालको लागि मनोनयन गर्नसक्नेछ।

(७) उपदफा (१) बमोजिमको सञ्जालको बैठक सञ्चालन सम्बन्धी व्यवस्था सोही सञ्जालले तोके बमोजिम हुनेछ।

१२. **नगर बाल सञ्जालको काम र कर्तव्यः** नगर बाल सञ्जालको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

**(क)** नगरपालिकामा सञ्चालन भएका वडा बाल सञ्जाल तथा बाल क्लबहरुको काममा समन्वय र सहयोग गर्ने,

**(ख)** बाल अधिकार संरक्षण, सम्वर्द्धनमा सहयोग सहजिकरण गर्ने,

**(ग)** बालबालिकासंग सम्बन्धित योजना कार्यक्रम तथा बालमैत्री योजना तथा कार्यक्रमहरुको छनौट तथा सञ्चालनमा नगरपालिकालाई सहयोग गर्नु,

**(घ)** बालबालिकासंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न विद्यालय तथा वडा कार्यालय तथा नगरपालिकालाई सहयोग पुऱ्याउनु,

**(ङ)** नगरपालिका क्षेत्रभित्र बालबालिकाको क्षेत्रमा कार्यगर्ने संघसस्था तथा निकायसंग आवश्यक समन्वय तथा सहयोग गर्ने

**(च)** बाल सहभागिताका अन्य विभिन्न क्रियाकलापहरु गर्ने।

## परिच्छेद-६

## विविध

१३. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नीलकण्ठ नगरपालिकाको कार्यपालिकालाई हुनेछ ।

१४. **संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई नगर कार्यपालिकाको आवश्यक संशोधन गर्न सक्नेछ।

१५. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** नीलकण्ठ नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गठन भएका बाल क्लब तथा बाल सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी

कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

१६.**खारेजी तथा बचाउः** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ । तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

**(कार्यविधिको दफा ५ को उपदफा ५ संग सम्बन्धित)**

**बाल क्लब दर्ताको निवेदन ढाँचा**

श्री वडा सचिव ज्यू मितिः

………. नं वडा कार्यालय,

नीलकण्ठ नगरपालिका

**विषय- बाल क्लब/ बाल संस्था दर्ता गरी पाऊ ।**

महोदय,

हामीले……………………………. नामको बाल क्लव खोल्न चाहेकोले बाल क्लब तथा बाल सञ्जाल सम्वन्धी कार्यविधि, २०८२ को दफा ५ को उपदफा (५) बमोजिम बाल क्लव / बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

**संलग्न गरिएका कागजातहरु**

१. प्रस्तावित बाल क्लवको विधान,
२. प्रस्तावित बाल क्लब खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,
३. बाल क्लवमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
४. बाल क्लब दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
५. बाल क्लबको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
६. बाल क्लबको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

निवेदक

अध्यक्ष

## अनुसूची -२

(कार्यविधिको दफा ५ को उपदफा ५ को वुदा क संग सम्बन्धित)

## बाल क्लबको विधान

### ........... बाल क्लबको विधान, २० .....

**प्रस्तावनाः**

बालबालिकाको हक, हित, अधिकार र दायित्वलाई प्रचलन गराउन नीलकण्ठ नगरपालिकाको बाल क्लव तथा बाल सञ्जाल सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश धादिङ जिल्ला नीलकण्ठ नगरपालिका ........ वडा नं ...... स्थित ......................................... बालबालिकाहरुको भेलाबाट .................. यो विधान तर्जुमा गरिएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो बाल क्लबको नाम ...................... रहेको छ।

(२) यो विधान वडा कार्यालयमा दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "ऐन" भन्नाले नीलकण्ठ नगरपालिकाको बालबालिका सम्बन्धी, ऐन,२०८० लाई सम्झनु पर्छ।

(ख) "कार्य समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "बाल क्लव" भन्नाले विद्यालय वा समुदाय स्तरमा बालबालिकाले आफ्नो हक अधिकारको संरक्षण र क्षमता विकासको लागि गठन गरेको बाल क्लब सम्झनु पर्छ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले दफा ७ बमोजिम सदस्यता लिएको व्यक्ति सम्झनु पर्छ।

३. **बाल क्लवको सचिवालय र छापः** (१) ........ बाल क्लवको सचिवालय .........मा रहनेछ।

(२) ......बाल क्लब को छाप अनुसूची-१ बमोजिम हुनेछ।

## परिच्छेद-२
## बाल क्लब गठनको उद्देश्य, काम र कर्तव्य

४. **बाल क्लब गठनको उद्देश्यः** बाल क्लब गठनको उदेश्य देहाय बमोजिम हुनेछः-

क) बालबालिकाको चासो र सरोकारका बिषयमा सहभागिता सुनिश्चित गर्ने,

ख) बालबालिकाको हक, हित र अधिकारलाई प्रबर्द्धन गर्ने,

ग) बालबालिकाको आधारभुत सूचनाको बारेमा सूसूचित गराउने,

घ) बालबालिका बिरुद्ध हुने हिंसा, दुर्व्यबहार, हानि र शोषण, बिरुद्ध सचेतिकरण गर्ने।

ङ) ..................................................

५. **बाल क्लब को काम र कर्तव्यः** बाल क्लबको काम र कर्तव्य कार्यविधिको दफा ७ का अतिरिक्त देहाय बमोजिम हुनेछः-

क. शैक्षिक गतिविधि एवं अतिरिक्त क्रियाकलापका लागि नगरपालिका, विद्यालय, अभिभावक, साझेदार संस्था एवं सरोकारवालासँग समन्वय गर्ने,

ख. बालबालिकाको क्षमता विकास तथा सचेतना जगाउने भित्ते पत्रिका, समाचार, बुलेटिन, पोष्टर, मुखपत्र, पत्रिका आदि प्रकाशन गर्ने,

ग. बालबालिकाको शैक्षिक तथा विभिन्न रचनात्मक क्रियाकलाप संचालन गर्ने,

घ. बालबालिकासँग सम्बन्धीत विभिन्न संघ संस्थासँग समन्वय कायम गरी बालबालिकाको उच्चतम हितमा निरन्तर कार्य गर्ने,

ङ. बालबालिकाहरुलाइ कुलत, दुर्व्यसन, भेदभाव र खराब आचरणबाट बचाउन प्रयास गर्ने,

च. बालबालिकाको लागि ज्ञानमूलक प्रतिभा प्रस्फुटन, साँस्कृतिक गतिविधि तथा अन्य प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने,

छ. बाल भेला, छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने,

ज. विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुऱ्याउने,

झ. विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने,

ञ. बाल नेतृत्व विकास, बाल स्वास्थ्य र सरसफाइ सम्बन्धी रचनात्मक कार्यक्रम संचालन गर्ने,

ट. शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ठ. बालमैत्री विद्यालय निर्माणका लागि पैरवी गर्ने,

ड. बाल विवाह, बाल दुर्वयवहार, बाल यौन शोषण तथा बालबालिका प्रति हुने हिंसा विरुद्ध सचेतना जगाउने र त्यस्तो काम गर्ने जो कोही विरुद्ध आवाज उठाई सम्बन्धित निकायमा कारबाहीको लागि पहल गर्ने,

ढ. बालबालिकाको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन सहजीकरण गर्ने,

ण. बालबालिका सम्वन्धी निशुल्क टेलिफोन नम्बर नेपाल प्रहरीको १००, बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन १०९८ को बारे जानकारी गराउने।

## परिच्छेद -३

## <u>बाल क्लब को सदस्यता सम्बन्धी व्यवस्था</u>

६. **<u>बाल क्लब को सदस्यताः</u>** (१) विद्यालय/समुदायमा रहेका १८ वर्ष उमेर पुरा नभएका बालबालिका बाल क्लबमा सदस्य रहन सक्नेछन।

७. **<u>सदस्यको योग्यताः</u>** (१) यस बाल क्लबमा देहाय बमोजिमका बालबालिका सदस्य हुन पाउने छनः-

क. १० वर्ष उमेर पूरा भई १८ वर्ष ननाघेको,

ख. बाल क्लबको मार्गदर्शन वा विधान प्रति प्रतिवद्ध रहेको,

ग. इमान्दार, नैतिकवान, कर्तव्य प्रति सजग र सदाचारी रहेको।

(२) बाल क्लव गठन गर्दा सबै लिङ्ग, जाति, क्षेत्र, धर्म, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता आदि लगाएत समावेशी सिद्धान्तको आधारमा गठन गरिनेछ।

(३) ................क्लव को सदस्य हुन इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बाल क्लबमा सदस्यताको लागि निवेदन दिन सक्नेछन।

८. **<u>सदस्यता खारेजीः</u>** (१) देहायको अवस्थामा बाल क्लबमा रहेका सदस्यको सदस्यता खारेज हुनेछः-

क. निजको उमेर १८ वर्ष उमेर पूरा भएमा

ख. निजको मृत्यु भएमा,

ग. विधान विपरित कार्य गरेको भनी क्लबको बैठकको दुई तिहाई बहुमत सदस्यले हटाएमा,

घ. विना सूचना समितिको ३ वटा बैठकमा लगातार अनुपस्थित भएमा।

ङ. निजले कार्यसमिति समक्ष राजीनामा दिएमा।

(२) अध्यक्षको हकमा कार्यसमिति समक्ष र सदस्यको हकमा अध्यक्ष समक्ष राजीनामा दिनुपर्नेछ।

## परिच्छेद -४

## बाल क्लबको साधारण सभा सम्बन्धी व्यवस्था

९. **साधारण सभाः** (१) बाल क्लब को साधारण सभा वर्षको एक पटक बस्नेछ।

(२) साधारण सभाको सूचना प्रत्येक सदस्यलाई एक महिना अगावै सचिवले दिनु पर्नेछ।

(३) हरेक साधारण सभामा आगामी एक वर्षको लागि क्लबको कार्य समितिका पदाधिकारी एवम् सदस्यको चयन गरिनेछ।

(४) साधारण सभामा क्लबको वार्षिक कार्य प्रगती प्रतिवेदन र वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ क्लबले पेश गर्नेछ।

(५) क्लबका साधारण सदस्यहरुको एकाउन्न प्रतिशत उपस्थितिलाई साधारण सभाको गणपुरक संख्या मानिनेछ।

(६) विद्यालय, वडा, नगरपालिका एवं सरोकारवालाले साधारण सभा आयोजना र सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद -५

## समिति गठन प्रक्रिया

१०. **बाल क्लब को कार्य समिति गठनः** (१) बाल क्लव कार्यसमितिको गठन समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुने गरी गरिनेछ।

(२) कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी बाल क्लबको साधारण सभाबाट चयन हुनेछनः-

(क) अध्यक्ष - १ जना
(ख) उपाध्यक्ष - १ जना
(ग) सचिव - १ जना
(घ) सह- सचिव - १ जना
(ङ) कोषाध्यक्ष - १ जना

(च) सदस्य - ४ देखि ७ जना सम्म

(३) उपदफा (२) बमोजिमको समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्येबाट २ जना वालिकाको सहभागिता अनिवार्य हुनेछ।

११. <u>**सल्लाहकार समितिः (**</u>१) स्थानीय शिक्षक, सामाजिक कार्यकर्ता, सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका वा अनुभव हाँसिल गरेका व्यक्ति तथा अभिभावक मध्येबाट आवश्यकता अनुसार साधारण सभाबाट बढीमा ५ जना सदस्य सल्लाहकार समिति गठन गर्न सक्नेछ।

(२) बाल क्लबको निवर्तमान अध्यक्ष पदेन सल्लाहकार हुनेछ।

१२. <u>**संरक्षकः**</u> (१) बाल क्लबको संरक्षक सम्बन्धित कार्य समितिले तोकेको व्यक्ति हुनेछ।

(२) बाल क्लबको सम्पूर्ण अभिभावकत्व संरक्षकले गर्नेछ।

१३. <u>**सदस्यको पदावधिः**</u> (१) बाल क्लबका सदस्यको पदावधि चयन भएको मितिले दुई वर्षको हुनेछ।

(२) दफा ९ बमोजिम कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि बाल क्लबको कार्यसमितिले रिक्त पदाधिकारीको सर्वसम्मत चयन गर्ने।

## परिच्छेद-६

## <u>क्लब/सञ्जालका पदाधिकारीको काम, कर्तव्य र अधिकार</u>

१४. <u>पदाधिकारीको काम, कर्तव्य र अधिकारः पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-</u>

**क. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लबको बैठक र साधारण सभाको अध्यक्षता ग्रहण गर्ने,

२. क्बलको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने,

३. क्लबका कागजात सुरक्षित राख्ने र राख्न लगाउने,

४. क्लबको निर्णय र स्थानिय बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने,

५. क्लबको तर्फबाट कुनै कार्यक्रममा सहभागी हुनुपर्ने भएमा क्लबको प्रतिनिधित्व गर्ने वा प्रतिनिधि चयन गरी पठाउने,

६. उपाध्यक्ष र सदस्यलाई कार्यभार विभाजन गरिदिने,

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा कार्यसमिति मध्येबाट वरिष्ठ सदस्यलाई कार्यबाहक अध्यक्ष तोक्ने,

८. बाल क्लबले वडा स्तरीय बालअधिकार समिति, स्थानीय बाल अधिकार समिति र बालबालिका सँग सम्बन्धित संघसंस्था वा निकायसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

९. बालक्लबको नेतृत्व प्रदान गर्न र सम्पर्क समन्वय गरी बाल अधिकार स्थापित गर्न निरन्तर पहल गर्ने।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः**

१. क्लबको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

२. बालबालिका वा बाल क्लबसँग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने,

३. क्लबको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने,

४. क्लबको बैठकको माइन्युट गर्ने, निर्णय गर्ने, पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,

५. क्लबको प्रशासकीय कार्य गर्ने,

६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितमा सचिवको जिम्मेवारी लिई कार्य गर्ने।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लबको आय व्यय दुरुस्त राख्ने,

२. आर्थिक बजेट तयार गरी क्लबको बैठकमा पेश गर्ने,

३. स्रोत पहिचान गर्ने,

४. आर्थिक कारोवार सम्बन्धी जिम्मेवारी पुरा गर्ने।

**च. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१. बैठकमा सहभागी हुने,

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने,

३. तोकिएको कार्य गर्ने,

४. क्लबको हित हुने अन्य रचनात्मक कार्य गर्ने।

१५. **<u>बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) बाल क्लबको बैठक महिनाको एक पटक बस्नेछ।

(२) बैठकको गणपुरक संख्या एकाउन्न प्रतिशतको उपस्थितिलाई मानिनेछ।

१६. **<u>निर्णयः</u>** बाल क्लवको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन।

१७. **<u>कार्य समितिको चयनः</u>** बाल क्लवको कार्य समितिको चयन प्रत्येक कार्यकाल सकिने वर्षको वार्षिक साधारण सभाबाट गरिने छ।

## परिच्छेद -७

## <u>विविध</u>

१८. **<u>कार्य समितिका सदस्य छनौट प्रक्रियाः</u>** बाल क्लबको विधानमा व्यवस्था भए बमोजिम कार्य समितिको चयन सकेसम्म सर्वसहमतिका आधारमा गरिनेछ। सर्वसहमति हुन नसकेको खण्डमा कार्य समितिका सदस्य छनौटका लागि साधारण सभाले बहुमतीय निर्वाचन प्रणाली मार्फत अवलम्बन गर्न सक्नेछ। कार्यसमिति छनौटका लागि आवश्यकता अनुसार साधारण सभाले संरक्षक एंव सल्लाहकार समितिका सदस्यको सुझाव लिनेछ।

१९. **<u>बाल क्लवको नविकरण र प्रतिवेदन:</u>** (१) **.....** बाल क्लबले प्रत्येक आर्थिक वर्षमा कार्यविधिको दफा ६ बमोजिम बाल क्लब नवीकरण गर्नुपर्नेछ।

(२) वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा प्रत्येक वर्षको पुस मसान्तभित्र पेश गरिनेछ।

## अनुसूची -१

## बाल क्लबको छाप तथा लोगो

बाल क्लब को लोगो "गोलो घेराभित्र सम्बन्धित बालक्लब को नाम र ठेगाना साथै त्यसको बीचमा बालक र बालिको हातमा किताब फैलाएर लिएका वा ....................................." हुनेछन।

बालक्लबले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछ।

**अनुसूची -३**

**- कार्यविधिको दफा ५ को उपदफा ६ संग सम्बन्धित_**

**बाल क्लब दर्ता प्रमाणपत्र**

**नीलकण्ठ नगरपालिका**

**.............. नं. वडा कार्यालय**

**धादिङ्ग जिल्ला**

**बागमती प्रदेश**

## दर्ता प्रमाण-पत्र

मितिः

दर्ता नं.

श्री.......................बाल क्लब

ठेगाना................।

.................जिल्ला ...............................पालिका ............... नं. वडाको.............................................विद्यालय/समुदायमा गठन गरिएको .........................संस्था बाल क्लवलाई यस नीलकण्ठ नगरपालिकाको .... नं. वडा कार्यालयमा दर्ता गरी बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रबर्धनका लागि नीलकण्ठ नगरपालिकाको बाल क्लब तथा बाल सञ्जाल कार्यविधि, २०८२ को दफा ५ को उपदफा (६) बमोजिम यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, नीलकण्ठ नगरपालिकाको बालबालिका सम्बन्धी ऐन, २०८०, नीलकण्ठ नगरपालिकाको बाल क्लब तथा बाल सञ्जाल कार्यविधि, २०८२ तथा नियमावली लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही बाल अधिकार संरक्षण, सम्बर्धन र प्रवर्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखतः

नाम :

पद

## अनुसूची-४

**- कार्यविधिको दफा ५ को उपदफा ६ संग सम्बन्धित_**

**बाल क्लबको दर्ता तथा नविकरण किताब**

.......... नं वडा कार्यालय,

नीलकण्ठ नगरपालिका

धादिङ्ग जिल्ला

बागमती प्रदेश

क. दर्ता विवरण

| क्र.सं. | बाल क्लबाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**ख नविकरण विवरण**

| क्र. सं. | बाल क्लबको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं | नवीकरण मिति | प्रमाण्ति गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-५**

**- कार्यविधिको दफा ६ को उपदफा १ संग सम्बन्धित_**

**बाल क्लब नवीकरणको निवेदन ढाँचा**

मितिः

श्री वडा सचिव ज्यू,
………. नं वडा कार्यालय,
नीलकण्ठ नगरपालिका।

**विषयः- बाल क्लब नवीकरण गरी पाऊ ।**

महोदय,

जिल्ला…… नगरपालिका………नं. वडा……..स्थित ………विद्यालय / समुदायमा आधारित हाम्रो………………… नामको / बाल क्लव नीलकण्ठ नगरपालिकाको बाल क्लब तथा बाल सञ्जाल कार्यविधि, २०८२ को दफा ५ को उपदफा (६) बमोजिम मिति ……………………….मा दर्ता भै क्रियाशील रहदै आएको छ । हाम्रो दर्ता नं…………… रहेको छ । यस सिलसिलामा नीलकण्ठ नगरपालिकाको बाल क्लब तथा बाल सञ्जाल कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) बमोजिम यो बाल क्लव नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो बाल क्लवले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस बाल क्लवामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न कागजातहरुः

१. आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२. कार्य समिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र ।

निवेदक
अध्यक्ष

आज्ञाले,
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत